REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 10.03.2025

लोकसभा इन्द्र हाँग सुब्बा

सिक्किमबाट लोकसभा सांसद श्री इन्द्र हाँग सुब्बाले नागरिक उड्डयन मंत्री श्री किन्जारापु राम मोहन नायडूसित आज संसद भवनमा भेट गर्नुभयो।

बैठकको बेला श्री सुब्बाले पाकिम हवाईअड्डाबाट विमानहरूको संचालनलाई फेरि थाल्ने संबधी झट्टै खाँचो रहेको कुरा पुनः दोहर्याउनुभयो उहाँले सिक्किमका जनतालाई यसले गर्दा भएको धेरै असुविधा र राज्यको पर्यटन क्षेत्रमाथि प्रतिकूल असरबारे बताउनुभयो।

बारम्बार माग भई रहे तापनि Spice jet एअरलाईन्सले जानी जानी गरेको परिचालन संबधी विलम्बले गर्दा विशेषगरि पर्यटन क्षेत्रमा आर्थिक गतिनिधिहरूमा बाधा पुगेको छ।

श्री सुब्बाले केंद्रिय मन्त्रीलाई Spice jet एआरलाईन्स सिक्किम सरकारको नागरिक उड्डयन विभागका प्रतिनिधिहरू तथा नागरिक उड्यन मन्त्रालयका अधिकारीहरू लगायत सबै प्रमुख अंशधारकहरूसित एक उच्च स्तरीय बैठक झट्टै गर्न आग्रह गर्नुभयो।

श्री नायडूले यी चिन्ताहरूको संज्ञान लिदै नागरिक उड्डयन मन्त्रालयले चाँढै यस्तो बैठक गराउने आश्वासन दिनुभयो।

सांसद सुब्बाले सिक्किमका लागि सुधारभएको हवाई संपर्क प्रति कटिबद्ध रहेको अनि एउटा संतोषजनक परिणाम न आउन्ज्येल यस विषयमा काम गरि नै रहने भन्नुभयो।

विधायक –राज्यपाल

गान्तोक निर्वाचन क्षेत्रका विधायक तथा शहरी विकास विभागका सल्लाहकार दिले नामग्याल बारफुंपाले गान्तोक निर्वाचन क्षेत्राका प्रतिनिधिहरूका राज्यपाल श्री ओम प्रकाश माथुरसित भेट गर्नुभयो।

शिष्टाचार भेटको बेला, गान्तोक निर्वाचन क्षेत्रका मानिसहरूको तर्फबाट विधायक वारफुंपाले होलीको अवसरमा न्यानो शुभकामना दिनुभयो। 14 मार्च, 2025 का दिन एम जी मार्गमा

हुनेभएको होली समारोहमा आफ्नो उपस्थिति जताउनु उहाँले राज्यपाल महोदयलाई एउटा औपचारिक निमन्त्रण पनि टकर्याउनुभयो।

श्री माथुरले न्यानो शुभकामनाहरू स्वीकार गर्दै, होलीको चाढ़को सौहाई र खुशीको भावना माथि जोढ़ दिदै प्रतिनिधिमण्डल र गान्तोकका जनता प्रति आफ्नो हार्दिक शुभकामान व्यक्त गर्नुभयो।

## सिक्किम मु.म-फायर टेन्डर

सिक्किमका मुख्यमन्त्री श्री प्रेम सिंह तामाङ्ले, अग्नि शमन सेवा विभागले हालै 13 नयाँ अग्नि शमन टेन्डरहरू आफ्नो बेड़ामा शामेल गरेकोमा बधाई दिनुभएको छ। पुलिस बल सक्रिय र पर्याप्त रूपमा सशक्ति भएका क्षेत्रहरूमा अपराध दर कम हुन्छ भन्ने कुरामा जोढ़ दिदै पुलिसको काममा, मुख्य रूपले क्षेत्र संचालन शामेल हुन्छ भनि श्री तामाङ्ले उजगार पार्नुभो। यी आवश्यक गतिविधिहरूमा वरिष्ठ अधिकारीहरूको बढ़ि सहभागिताको मुख्यमन्त्रीले आव्हान गर्नुभयो।

श्री तामाङ्ले भारतमा कानून तथा व्यवस्थाको उच्चतम मानकहरू हासिल गर्ने तर्फ पुलिस महानिदेशक ( DGP) र उहाँको टीमले काम गर्नुपर्ने आफ्नो आकांक्षा व्यक्त गर्दै सरकारबाट व्यापक समर्थन दिइनेछ भनि उहाँले आश्वासन दिनुभयो।

पुलिस विभागको संचालन दक्षतामा वृद्धि गर्न श्री तामाङ्ले दुईटा नयाँ वित्त पोषण पहल विशेष जाँच कोष र विशेष यातायत प्रबन्धन कोषको स्थापना गरिने घोषणा गर्नुभयो।

सिक्किम सरकारका मुख्य सचिव श्री आर तैलंग, पुलिस महानिदेशक श्री अक्षय सचदेवा, सिक्किम पुलिस र सिक्किम् सरकारका वरिष्ठ अधिकारी तथा अन्य अधिकारीगण, सो कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो।

## समग्र शिक्षा

जिल्ला परियोजना कार्यलय, समग्र शिक्षा, शिक्षा विभाग, गान्तोकले प्रमुख उच्च शिक्षा संस्थानहरूका लागि अध्ययन यात्राको आयोजना गरि रहेको छ। राष्ट्रिय  आविष्कार अभियानको मध्यस्थता अंतर्गत गान्तोक जिल्लामा सरकारी स्कूलहरूका उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरूका लागि सो यात्रा आयोजित गरिन्दैछ।

विद्यार्थीहरूलाई प्रेरणा दिने लक्ष्यका साथ आयोजित गरिएको यो पहलले गर्दा उनीहरू सिक्किम मनिपाल चिकित्सा विज्ञान संस्थान तादोङ, सिक्किम मनिपाल  प्रौद्योगिकी संस्थान माझीटार र विज्ञान केन्द्र मारचक जस्ता प्रतिष्षित संस्थानहरूमा जाने मौका पाउनेछन्।

## मौसम

गान्तोक तथा वरपरका क्षेत्रमा आज अधिकतम तापक्रम 18.4 डिग्री सेलसियस र न्यूनतम तापक्रम 9.1 डिग्री सेल्सियस रह्यो।

भोलि एघार तारीख सामान्यतः आकाशमा बादल छाउने अनि फाटफुट वर्षा र मेघगर्जन हुने पूर्वानुमान गरिएको छ।

मेधगर्जनका साथ बिजुली चम्किने चेताउनी पनि दिइएको छ।

अधिकतम तापक्रम 16 डिग्री सेलसियस र न्यूनतम भने 8 डिग्री सेलसियस रहनेछ।